# स्थानीय राजपत्र

**बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड २ बुटवल, चैत्र ०८ गते, २०७५ साल संख्या १६**


बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ३ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग ३

## बुटवल उप-महानगरपालिकाको उप-प्रमुख महिला उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि -२०७५

**प्रस्तावना**

समृद्ध बुटवल सुखी बुटवलबासीको नारालाई सार्थक गर्न र बुटवल उप-महानगरपालिकालाई महिलामैत्री उप-महानगरपालिकाको रुपमा स्थापित गराउन महिला हिंसालाई न्युनीकरण गर्नुपर्छ । जबसम्म महिलाहरु आर्थिक रुपमा सवल र सक्षम हुदैनन् तवसम्म हिंसाबाट मुक्त हुन सक्दैनन भन्ने कुरालाई ध्यानमा राखेर उप-प्रमुखसँग महिला उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्न लागिएको हो । यो कार्यक्रमले बुटवल उपमहानगरपालिका भित्र भएका महिलाहरुको क्षमता अभिबृद्धि गरेर उद्यमशीलताको विकास गर्दै सुरक्षाको प्रत्याभूति, भेदभाव उन्मुलन गर्ने; समृद्ध बुटवल सुखी बुटवलबासी मूल नारालाई साकार बनाउनका निम्ति सबल आर्थिक केन्द्र समुन्नत बुटवलको अवधारणाबाट बढ्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाबाट यो **“उप-प्रमुख महिला उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५”** तयार गरी जारी गरिएको छ ।

१. **प्रारम्भः** यो कार्यविधि कार्यपालिकाबाट पारित भएका मितिदेखि लागू हुनेछ ।

२.**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

१. **“कार्यक्रम”** भन्नाले **“उप-प्रमुख महिला उद्यमशीलता विकास कार्यक्रम”** सम्झनु पर्दछ ।

२. **“कार्यपालिका”** भन्नाले **“बुटवल उप-महानगरपालिकाको नगर कार्यपालिका”**लाई सम्झनु पर्दछ ।

३. **“प्रमुख”** भन्नाले बुटवल उप-महानगरपालिकाका **“प्रमुख”**लाई सम्झनु पर्दछ ।

४. **“उप-प्रमुख”** भन्नाले बुटवल उप-महानगरपालिकाका **“उप-प्रमुख”**लाई सम्झनु पर्दछ ।

५. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले उप-महानगरपालिकाको **"प्रमुख प्रशासकीय अधिकृत"** लाई सम्झनु पर्दछ ।

६. **"कार्यविधि"** भन्नाले **"उप-प्रमुख महिला उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५"** लाई सम्झनु पर्दछ ।

७. **"संरक्षक"** भन्नाले यस कार्यविधि अनुसार गठित सञ्चालक समितिको संरक्षक सम्झनु पर्दछ ।

**३. कार्यक्रमको उद्देश्यः**

१. बुटवल क्षेत्रभित्र रहेका महिलाहरुलाई उद्यमी बनाई जीविकोपार्जनमुखी बनाउने ।

२. उद्यमी बन्नका लागि आवश्यक ज्ञान, सीपको विकास गर्दै व्यवहारमुखी कार्यक्रमहरु तय गर्ने ।

३. बुटवल उप-महानगरपालिकालाई महिलामैत्री उप-महानगरपालिका बनाउने ।

४. महिलाहरुको क्षमता अभिवृद्धि गराउँदै आर्थिक रुपमा सवल र सक्षम बनाउन उद्यमशीलताको विकास गराउने ।

५. लैङ्गिक हिंसालाई न्यूनीकरण गर्दै पीडित तथा प्रभावित महिलाहरुका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउने ।

६. महिलाहरुको समग्र विकास मार्फत जीवनमा सकारात्मक परिवर्तन ल्याउने ।

७. आर्थिक समृद्धिका कार्यक्रम तय गर्ने ।

**४. कार्यक्रमको क्षेत्रः** प्रस्तावनाको उद्देश्य पूरा गर्न निम्न बमोजिमका आधारभूत क्षेत्र तोकिएका छन्।

(क) महिलाको आर्थिक आर्यआर्जनसँग प्रत्यक्ष सहयोग पुर्याउने ।

(ख) उद्यमशीलताको विकास गर्ने ।

(ग) सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) योजना तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने ।

(ङ) पर्यटन प्रबर्द्धनका कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने ।

(च) वन तथा वातावरणमैत्री कार्यक्रमहरु सञ्चालन गर्ने ।

(छ) महिलामैत्री उद्यमशीलतालाई पहिलो प्राथमिकता दिई कार्यक्रमलाई अघि बढाइने ।

**५. कार्यक्रमका रणनीति**

(क) उद्यमशीलता विकासका लागि प्रारम्भिक रुपमा योजना तर्जुमाका कार्यक्रमहरु सञ्चालन गर्ने।

(ख) प्राप्त योजनाहरुलाई उद्यमशीलता योजना तयार गरी कार्ययोजना बनाउने ।

(ग) कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने ।

(घ) नियमित अनुगमन र मूल्याकंन गर्ने ।

**६. सञ्चालक समिति गठन सम्बन्धी व्यवस्था**

**६.१ संरक्षक :** बुटवल उप-महानगरपालिकाका प्रमुख यसको संरक्षक रहने छ ।

६.२. कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूंल्याङ्कनका लागि देहाय बमोजिम सात सदस्यीय संचालक समिति रहनेछ ।

संयोजकः उप-प्रमुख

सदस्य : कार्यपालिकाबाट मनोनित २ जना सदस्य
सदस्य : उद्यमशीलता र सीप विकासका क्षेत्रमा काम गरेका एकजना सदस्य संयोजकले तोक्ने ।
सदस्य : नगरसभा सदस्यबाट एक जना सदस्य संयोजकले मनोनयन गर्ने
सदस्य : सम्बन्धित महाशाखा प्रमुख
सदस्य सचिव : महिला विकास अधिकृत, बुटवल उप-महानगरपालिका

पुनश्चः आवश्यकता अनुसार बैठकमा अन्य कर्मचारी वा सरोकारवाला संस्था र व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**६.३. सञ्चालक समितिको कार्य जिम्मेवारी**

१. कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक कार्य योजना तयार गरी कार्यान्वयन गर्ने ।
२. सीप विकास तथा महिला उद्यमशीलताका कार्यक्रमहरु सञ्चालन नियमन तथा अनुगमनगर्ने ।
३. कार्यक्रमको उद्देश्य अनुरुप काम गर्ने ।
४. वडास्तरबाट उद्यमशीलता रोजगारी तथा सशक्तिकरण अभिवृद्धि गर्न सीप तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिमको लगत संकलन गर्ने ।
५. उप-प्रमुखसँग महिला उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु गरिनेछ ।
 ५.१. औद्योगिक तथा पर्यटन कृषि, व्यवसायिक र घरेलु कामहरुलाई लक्षित उद्यमशीलता, रोजगारमूलक, सीप विकास तथा क्षमता अभिवृद्धि तालिम ।
 ५.२. स्थानीय महिला समूहहरुको सक्रियतामा स्थानीयस्तरका कृषिजन्य उत्पादन, बजारीकरण र व्यवस्थापन सम्बन्धी कार्यक्रमहरु ।
 ५.३. बुटवल उप-महानगरपालिका क्षेत्रभित्रका महिला लक्षित कार्यक्रमहरु सञ्चालन ।
 ५.४. अन्य नगरपालिका तथा गाउँपालिकाहरुसँग महिला उद्यमशीलता सम्बन्धी कार्यक्रमहरु सञ्चालनका लागि समन्वय र सहकार्य गर्न सकिनेछ ।

**७. कार्यक्रम छनौट तथा कार्यान्वयनः**

७.१. उप-प्रमुख महिला उद्यमशीलताका कार्यक्रम सञ्चालन समितिले आफ्नै संलग्नतामा महिला लक्षित कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
७.२. महिला सशक्तिकरण तथा सीप विकासको क्षेत्रमा कार्यरत संघसंस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गर्नेछ ।
७.३. वडास्तरबाट कार्यक्रम माग भई आएमा सञ्चालक समितिले आवश्यकता र औचित्यता हेरि कार्यक्रम अगाडि बढाउन स्वीकृति दिनसक्ने छ । कार्यक्रमको प्रभावकारिताको अनुगमन उप-प्रमुखसँग महिला उद्यमशीलता कार्यक्रम सञ्चालक समितिले गर्नेछ ।
७.४. सञ्चालक समितिले आवश्यक ठानेमा कार्यपालिकाबाट स्वीकृत गराएर महिला उद्यमशीलताका लागि अनुदान तथा ऋण सहायता उपलब्ध गराउन सक्नेछ ।
७.५. विपन्न र अति विपन्नलाई विशेष प्राथमिकता दिने (एकल महिला, हिंसा पीडित, अपाङ्गता भएका, दलित, आदिवासी जनजाति र सीमान्तकृत महिला) ।

७.६. वैदेशिक रोजगारबाट फर्कि आएका पीडित महिलालाई उद्यमशीलता सम्बन्धी कार्यक्रममा सहभागी गराई आवश्यक सहयोग गर्न सकिनेछ ।

**८. बैठक सम्बन्धी व्यवस्था:**

८.१. समितिको बैठक कम्तीमा ३ महिनाको एक पटक बस्ने छ । तर आवश्यक परेमा संयोजकको निर्देशनमा जुनसुकै बेला बैठक आह्वान गर्न बाधा पर्ने छैन ।

**९. कोष सम्बन्धी व्यवस्था :**

कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्थापन समितिले संरक्षक मार्फत बुटवल उप-महानगरपालिकामा पेश गर्नेछ । विभिन्न सहयोगी दातृ निकायले बुटवल उप-महानगरपालिकासँग समन्वय गरी सहयोग गर्न सक्नेछ ।

**१०. विविध :**

कार्यक्रम सञ्चालनको कार्यविधि बनाई सञ्चालक समितिले प्रमुखबाट स्वीकृति लिई कार्यान्वयन गर्नेछ ।

१०.१. **व्याख्या गर्ने अधिकार :** कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा परेमा अन्तिम व्याख्या गर्ने अधिकार सञ्चालक समितिमा रहनेछ ।

१०.२. **संशोधन सम्बन्धी व्यवस्था:** कार्यविधिको कुनै व्यवस्था संशोधन गर्नु परेमा नगर कार्यपालिकाको बैठकले गर्नेछ ।

१०.३. **बाधा अड्काउ सम्बन्धी:** कार्यविधिमा उल्लेखित दफाहरुको कार्यान्वयनका सम्बन्धमा बाधा अड्काउ फुकाउ गर्नुपरेमा सोको व्याख्या गर्ने अधिकार कार्यपालिकामा रहनेछ ।

**आज्ञाले**

प्रमाणीकरण मितिः २०७५/१२/०५

**राजेन्द्र सिग्देल**

**नि. प्रमुख प्रशासकीय अधिकृत**